महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ४०    मितिः २०७५/१२/०४

**भाग-२**

**महाशिला गाउँपालिका**

## महाशिला गाउँपालिकाको
## माध्यमिक विद्यालयहरुमा प्रोजेक्टर वितरण, सञ्चालन तथा अनुगमन निर्देशिका,२०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।१२।०३

**प्रस्तावना :**

महाशिला गाउँपालिका सवै माध्यमिक विद्यालयलाई प्रविधिमैत्री बनाई अध्ययन अध्यापनलाई सरल, सहज र प्रभावकारी बनाउन सवै माध्यमिक विद्यालयका शिक्षक आफैले ल्यापटपको अनिवार्य व्यवस्था गर्नुपर्ने र गाउँपालिकाले प्रत्येक कक्षामा प्रोजेक्टरको व्यवस्था मिलाउने योजना अनुरुप गाउँपालिकाबाट वितरण गरिने प्रोजेक्टर वितरण कार्यक्रमलाई थप प्रभावकारी र यथार्थपरक बनाउन आवश्यक रहेकोले महाशिला गाउँकार्यपालिकाको बैठकले महाशिला गाउँपालिकाको माध्यमिक विद्यालयहरुमा प्रोजेक्टर वितरण, सञ्चालन तथा अनुगमन निर्देशिका पारित गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम " महाशिला गाउँपालिका माध्यमिक विद्यालयहरुमा प्रोजेक्टर वितरण,सञ्चालन तथा अनुगमन निर्देशिका २०७५" रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाको निर्णय भएको मिति देखि लागू हुने छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनुगमन समिति" भन्नाले महाशिला गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिलाई जनाउछ ।

(ख) “निर्देशिका” भन्नाले महाशिला गाउँपालिका माध्यमिक विद्यालयहरुमा प्रोजेक्टर वितरण सञ्चालन तथा अनुगमन निर्देशिका २०७५ सम्झनुपर्दछ ।

(ग) गाउँपालिका” भन्नाले महाशिला गाउँपालिका सम्झनु पर्दछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) “वडा कार्यालय” भन्नाले महाशिला गाउँपालिकाको मातहतमा रहेको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

**३. ल्यापटप खरिद सहितको सुनिश्चताको निवेदन माग गर्न सूचना प्रकाशन गरिने :** गाउँपालिकाले एक कक्षा एक प्रोजेक्टर एक शिक्षक एक ल्यापटपको लागि गाउँपालिकाले प्रोजेक्टर उपलब्ध गराउन कुन कुन माध्यमिक विद्यालय यस कार्यक्रममा सहभागी हुन चाहन्छन र सहभागी हुन चाहने विद्यालयले आफ्नो विद्यालयमा भएका सवै शिक्षकले अनिवार्य ल्यापटप खरिद गर्ने र आफूहरु प्रविधिमैत्रि शिक्षाको लागि तयार भएको विद्यालयले सुनिश्चतताको निवेदन पेश गर्न निश्चित अवधिको लागि सूचना प्रकाशन गरिने छ । प्रोजेक्टर वितरण गर्दा सूचना अवधिमा पेश भएका विद्यालयलाई प्राथमिकता दिइने छ ।

**४.प्रोजेक्टर खरिद गरिने :** गाउँकार्यपालिकाको कार्यालयले एक शिक्षक एक ल्यापटप, एक कक्षा एक प्रोजेक्टर कार्यक्रम अर्न्तगत विनियोजित रकमको आवश्यक प्रक्रियाद्धारा प्रोजेक्टर खरिद गर्ने कार्य गर्ने छ । यसरी खरिद गरिएका प्रोजेक्टरलाई गाउँपालिकाको जिन्सी आम्दानी बाधिनेछ ।

**५.प्रोजेक्टर वितरण पूर्व अनुगमन गरिने :** (१)प्रोजेक्टर प्राप्तिको लागि निवेदन पेश भईसकेपछि र प्रोजेक्टर खरिद गरिसकेपछि गाउँपालिकाको अनुगमन समितिले विद्यालयमा शिक्षकले ल्यापटप खरिद गरे नगरेको अनुगमन गरी यथार्थ विवरण उपलब्ध गराउने छ ।

(२) उपदफा १ बमोजिम अनुगमन समितिले अनुगमन गरी पेश गरेको प्रतिवेदनको आधारमा निवेदन पेश भएका विद्यालयमा शिक्षकले ल्यापटप खरिद गरेको नगरेको र कुन विद्यालयमा कति प्रोजेक्टर आवश्यक छ भनि सिफारिस र सम्बन्धित वडा कार्यालयको सिफारिस समेतका आधारमा विद्यालयमा प्रोजेक्टर उपलब्ध गराइने छ ।

(३) वितरण गर्दा गाउँपालिकाले हस्तान्तरण फारम भरी वितरण गर्नु पर्ने छ । हस्तान्तरण भईसकेपछि विद्यालयले आफ्नो विद्यालयमा प्राप्त प्रोजेक्टरलाई आम्दानी बाँधी एक प्रति गाउँकार्यपालिकाको कार्यालयमा पठाउनुपर्ने छ ।

(७) **प्रोजेक्टर वितरण प्रश्चात अनुगमन गरिने :** गाउँपालिका तथा वडा कार्यालयले प्रोजेक्टर वितरण पश्चात विद्यालयले प्रोजेक्टर मार्फत शिक्षण गरे नगरेको सम्बन्धमा र यसको प्रभावकारीताको विषयमा बेलाबेलामा अनुगमन गर्ने छ । प्रोजेक्टर प्राप्त भइसकेपछि विद्यालयले प्रोजेक्टरको प्रयोग नगर्ने तथा त्यसको दुरुपयोग गरेको पाइएमा त्यसरी प्रयोग नगर्ने तथा दुरुपयोग गर्ने विद्यालयलाई गाउँपालिकाले उपलब्ध गराउने अन्य सूविधामा कटौति गर्नेछ ।

**८. यसै निर्देशिका अनुरुप भएको मानिने :** यस निर्देशिका लागु हुनु पूर्व यस कार्यक्रमको लागि गरिएका सम्पूर्ण क्रियाकलाप यसै निर्देशिका अनुरुप भएको मानिने छ ।

**७. वाधा अडकाउ फुकाउने अधिकार :** (१) यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुने छ ।

प्रमाणिकरण मिति : २०७५।१२।०३

**आज्ञाले,**
**नामः किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**